लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, कपिलवस्तु

सूचना नम्बरः ०६/२०८३/०८४

## कार्यक्रम संचालनका लागि आवेदन (प्रस्ताव) पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८३/०६/१५)

यस कृषि ज्ञान केन्द्र, कपिलवस्तुको आर्थिक बर्ष २०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लिखित कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८३/०७/१३ गते सम्म) यस केन्द्रमा तपशिल अनुसारका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यबिधि यस कार्यालय वा कार्यालयको वेवसाईट **www.akckapilvastu.lumbini.gov.np** बाट प्राप्त गर्न सकिने छ। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ०७६५६००६३ मा सम्पर्क गर्न सकिने छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव समावेश नहुने बेहोरा समेत जानकारी गराइन्छ।

तपशिलः

| क्र.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | सिंचाइ सहित कृषि विकास कार्यक्रम (शिवराज, बुद्धभूमि, बाणगंगा, महाराजगंज, शुद्धोधन लगायत अन्य पालिका) | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार,<br>• स्यालो ट्यूववेल जडान। | • फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हेसिंचित क्षेत्र विस्तार गर्नुपर्ने .,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | फर्मकम्पनी//कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति | शिवराज, बुद्धभूमि, बाणगंगा, महाराजगंज, शुद्धोधन लगायत अन्य पालिका | • स्वीकृत कार्यबिधि बमोजिम हुने |
| २ | व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम (मायादेवी र यशोधरा गाउँपालिका) | • उत्पादन सामाग्रीः वीउ, प्राङगारिक मल, शुक्ष्मतत्व, मल्चिङ प्लाष्टिक, विभिन्न ट्र्यापहरु, विषादी आदि | • सम्बन्धित स्थानीय तहको समन्वयमा फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी संस्था छनोट गर्नुपर्ने। | • फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी संस्था | • मायादेवी र यशोधरा गाउँपालिका | • स्वीकृत कार्यबिधि बमोजिम हुने |

वि. कार्यालय प्रमुख

| क्र.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| | | • तरकारी नर्सरी निर्माण तथा व्यवस्थापन,<br>• बजारिकरण सामाग्री<br>• अभिमूखिकरण तथा क्षमता बिकास | • फर्म/कम्पनीको हकमा कम्तिमा १० कठ्ठामा र सामूहिकको हकमा कम्तिमा १ हे. क्लस्टरमा हुनुपर्ने। | | | |
| ३ | युवा लक्षित कृषि उत्पादन/उद्यमशीलता कार्यक्रम | • कृषि मूल्य श्रृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्तन योजना र कृषिसँग सम्बन्धित सीपको उपयोग योजना। | • १८ बर्षदेखि ४० बर्षका युवा सहभागी हुन सक्ने,<br>• कृषि मूल्य श्रृंखला विकास/नवप्रवर्तन योजना/कृषिसँग सम्बन्धित सीपको उपयोग सम्बन्धी प्रस्ताव पेश गर्नुपर्ने। | • जिल्लाभरी | • युवा कृषक | • स्वीकृत कार्यबिधि बमोजिम हुने |
| ४ | ५०% अनुदानमा यान्त्रीकरण सहयोग कार्यक्रम (कृण्णनगर न.पा.). | • सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद,<br>• कार्यालयले वितरणको अभिलेख राख्ने। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले खरिद गर्नुपर्ने। | • कृण्णनगर न.पा. | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था | • स्वीकृत कार्यबिधि बमोजिम हुने |
| ५ | लक्षित वर्ग विशेष आयआर्जन कार्यक्रम | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी क्रियाकलापमा सहयोग,<br>• साना पूर्वाधार (टनेल, नर्सरी, गुमोज आदि),<br>• तालिम तथा सचेतना। | • लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न मुक्त कमैया/कम्लहरी/ भूमिहीन/मुसहर/चिडीमार/पासी/मंगता/नटुवा/ गडरिया/वादी/बोटे/माझी/किङ्गरिया/ कुचबन्धिया/खुना/ कुमाल/सोनहा/ दलित/राजी/चमार/डोम/ महिला/ जनजाती/ मधेसी समुदाय आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिनुपर्ने,<br>• लक्षित समुदायमा कम्तीमा ५ घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन हुनुपर्ने। | • जिल्लाभरी | • लक्षित समुदाय | • स्वीकृत कार्यबिधि बमोजिम हुने |

कृषि विकास कार्यालय, कपिलवस्तु

बि. कार्यालय प्रमुख

| क.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र/स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| ६ | महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामग्री सहयोग | • प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा सामग्रीहरू खरिद। | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था सहभागी हुन सक्ने,<br>• मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने। | • जिल्लाभरी | • फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था | • स्वीकृत कार्यबिधि बमोजिम हुने |
| ७ | वगैंचा सुदृढीकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रम | • बगैंचाको सुदृढीकरण तथा प्रविधि हस्तान्तरणका लागि तपसिलका क्रियाकलापहरु सञ्चालन गर्न सकिने:<br>• आवश्यक औजार/उपकरण खरिद तथा प्रयोग प्रदर्शन<br>• थोपा सिंचाइ/स्प्रिङकलर सिंचाइ/मल्चिङ्ग/hail net लगायतका प्रविधि प्रदर्शन<br>• पासो, मोहिनी पासो र ल्यूर, विषादी, एप्रोन, पन्जा, मास्क, Stem paste आदि खरिद,<br>• स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरण,<br>• बगैंचा काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोगका क्रियाकलापहरु। | • कार्यालयले सुधार गर्नुपर्ने उपयुक्त बगैंचाको छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• एकै किसिमको फलफूल कम्तीमा २५ बोट भएको वगैंचा हुनुपर्ने। | • जिल्लाभरी | • बगैंचा धनी | • स्वीकृत कार्यबिधि बमोजिम हुने |

आवश्यक कागजातहरु:

१. निवेदन (ढाचाँ बमोजिम)

२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।

३. दर्ता/नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि (समुह/निजि फर्म/कम्पनी/ कृषि सहकारी )।

४. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

सत्यराम हरिजन

नि.प्रमुख

वि. कार्यालय प्रमुख

५.कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी।
६.कार्यक्रम संचालनको लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (ढाँचा अनुसार) ।
७.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
८. अनुदान कार्यक्रम माँग गर्न गरिएको निर्णयको प्रतिलिपी (समुह /सहकारीको हकमा )।
९.निर्माण गरिने पूर्बाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०.जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा तोकिएको अबधिको करार पत्र।

सत्यराम हरिजन
नि.प्रमुख

बि. कार्यालय प्रमुख